April 3, 2024

National News

प्रमुख समाचार:-

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा नमो एप मार्फत डिजिटल ऱ्यालीलाई सम्बोधन
2. लोकसभा चुनावलाई ध्यानमा राखी शान्ति सुरक्षाको स्थितिको समीक्षा गर्न निर्वाचन आयोगले आज कानून निकायहरूसँग बैठक गर्दै
3. ताइवानमा शक्तिशाली भूकम्प जाँदा कम्तीमा सात जनाको मृत्यु र ७०० भन्दा बढी घाइते, सुनामीको चेतावनी जारी
4. IPL क्रिकेटमा आज साँझ विशाखापट्नममा दिल्ली क्यापिटल्सले कोलकाता नाइट राइडर्ससँग प्रतिस्पर्धा गर्दै

## 1. PM Namo App Rally

लोकसभाको प्रथम चरणको चुनावी प्रचारप्रचार तीब्र भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भाजपा कार्यकर्ताको उत्साह देखेर विपक्षी नेताहरु निरुत्साहित भएको बताउनुभएको छ। उहाँले सबै पुराना मतदान रेकर्ड तोड्न दृढ संकल्पका साथ काम गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो । श्री मोदीले आज नमो एप मार्फत डिजिटल ऱ्यालीलाई सम्बोधन गर्नुभयो। प्रधानमन्त्रीले प्रत्येक मतदान केन्द्रमा कीर्तिमानी जित दर्ता गर्न बुथ तहमा उचित र उत्कृष्ट तयारी गर्न कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो ।

## 2. Rajnath - Gajiabad

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री श्री राजनाथ सिंहले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा भारत विश्वको शीर्ष पाँच अर्थतन्त्रमध्ये एक बनेको र सन् २०२७ सम्ममा तेस्रो ठूलो अर्थतन्त्र बन्ने तयारीमा रहेको बताउनुभएको छ ।आज गाजियाबादमा चुनावी सभालाई सम्बोधन गर्दै श्री सिंहले भारत सन् २०४७ सम्ममा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र बन्ने सम्भावना रहेको बताउनुभयो। यसैबीच गौतम बुद्ध नगरबाट भाजपाका उम्मेदवार महेश शर्माले लोकसभा चुनावका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

## 3. Mallikarjun – NE Delhi

कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले आज उत्तर पूर्वी दिल्ली संसदीय निर्वाचन क्षेत्रबाट घर घर ग्यारेन्टी अभियान सुभारम्भ गर्नुभएको छ। यस अवसरमा बोल्दै श्री खर्गेले बेरोजगारीको मुद्दामा भाजपाको आलोचना गर्नुभयो। उहाँले कांग्रेस सत्तामा आए सरकारी रिक्त पद तत्काल पूर्ति गर्ने दाबी गर्नुभयो।

## 4. Rahul Gandhi - Nomination

कांग्रेस नेता श्री राहुल गान्धीले आज दिउँसो केरलाको वायनाड संसदीय निर्वाचन क्षेत्रको निर्वाची अधिकारी समक्ष आफ्नो उम्मेदवारी दर्ता गर्नुभयो। वायनाडमा एलडीएफका उम्मेदवार, सीपीआईकी एनी राजाले पनि उम्मेदवारी दर्ता गर्नुभएको छ। केरलामा यसै महिनाको २६ तारिखमा मतदान हुने तय गरिएको छ। उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति भोलि हो । ५ तारिक छानबिन हुनेछ र यही महिनाको ८ तारिक उम्मेदवारी फिर्ता लिने अन्तिम मिति रहेको छ ।

## 5. Rajasthan - Nominations

राजस्थानमा भाजपा र कांग्रेसका धेरै वरिष्ठ नेताहरूले आज उम्मेदवारी दर्ता गरेका छन्। राज्यमा लोकसभा चुनावको दोस्रो चरणका लागि उम्मेदवारी दर्ताको भोलि अन्तिम दिन हो। भाजपाबाट पालीबाट पार्टीका उम्मेदवार पीपी चौधरी र जालोर–सिरोहीबाट उम्मेदवार लुम्बराम चौधरीले आज उम्मेदवारी दर्ता गराएका छन् । कोटाका भाजपा उम्मेदवार र वरिष्ठ नेता श्री ओम बिरलाले उम्मेदवारी दर्ता गर्नु अघि विशाल जनसभा गर्नुभयो। कांग्रेसले पनि उम्मेदवारको समर्थनमा र्‍यालीको आयोजना गरेको छ ।

## 6. EC – Law and Order

निर्वाचन आयोगले कानून र व्यवस्थाको स्थिति समीक्षा गर्न राज्य र केन्द्र शासित प्रदेशका कानून निकायहरूसँग बैठक गरिरहेको छ। बैठकमा गैरकानूनी गतिविधि रोक्न र अन्तरराज्यीय तथा अन्तर्राष्ट्रिय सीमामा कडा निगरानी गर्ने सम्बन्धमा उठाइएका कदमहरूको समीक्षा पनि भइरहेको छ। आयोगले हिजो लोकसभा र विधानसभा चुनावका लागि ६ राज्यमा विशेष पर्यवेक्षक नियुक्त गरेको थियो ।

## 7. Government Medicine

सरकारले सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिँदै आएको औषधिको मूल्यवृद्धिको समाचार भ्रामक र झूटो भएको जनाएको छ । केन्द्रीय स्वास्थ्य मन्त्रीले यस रिपोर्टअनुसार मूल्यवृद्धि भएको खण्डमा पाँच सयभन्दा बढी औषधि प्रभावित हुने बताउनुभयो । यस्ता समाचार झूटा, भ्रामक र द्वेषपूर्ण छन्। औषधि विभागअन्तर्गतको राष्ट्रिय औषधि मूल्य निर्धारण प्राधिकरणले थोक मूल्य सूचकाङ्क अन्तर्गत प्रत्येक वर्ष तोकिएका औषधिको मूल्य परिमार्जन गर्छ । ७ सय ८२ औषधिको मूल्यमा कुनै परिवर्तन नभएको मन्त्रालयले जनाएको छ । जबकि ५४ वटा औषधिमा नगन्य एक पैसा बढेको छ ।

## 8. Bail - Sanjay Singh

दिल्लीको एक अदालतले आम आदमी पार्टीका नेता सञ्जय सिंहलाई अन्तःशुल्क नीति घोटाला प्रकरणमा प्रमाणसँग छेडछाड नगर्न वा साक्षीहरूलाई प्रभावित नगर्न निर्देशन दिएको छ। विशेष न्यायाधीशले उनलाई तिहाड जेलबाट रिहा गर्न आदेश दिनुअघि आज यस्तो निर्देशन दिएका हुन्।। सञ्जय सिंहलाई सर्वोच्च अदालतले हिजो जमानत दिएको थियो । उनी गत अक्टोबरमा पक्राउ परेका थिए ।

## 9. Home Ministry – NGO

गृह मन्त्रालयले आवश्यक प्रक्रिया पूरा गरे पश्चात् पाँच वटा उल्लेखनीय गैरसरकारी संस्थाको विदेशी योगदान नियमन ऐन (एफसीआरए) लाइसेन्स खारेज गरेको छ । वैदेशिक अनुदानको दुरुपयोगलगायत अन्य कारणले अनुमतिपत्र खारेज गरिएको स्रोतले जनाएको छ । लाइसेन्स खारेज गरिएका गैरसरकारी संस्थाहरूमा CNI Synodical Board of Social Service, Voluntary Health Association of India, Indo-Global Social Service Society, Church Auxiliary for Social Action र Evangelical Fellowship of India शामिल छन्।

## 10. NCERT Books

राष्ट्रिय शैक्षिक अनुसन्धान तथा तालिम परिषद् एनसीईआरटीले समयमै विद्यालय पुस्तक उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाएको छ । NCERT ले सबै विद्यार्थी र अभिभावकहरूलाई धैर्य गर्न र चिन्ता नगर्न अनुरोध गरेको छ। धेरै राज्यहरूमा स्कूल पुस्तकहरू उपलब्ध नभएको सम्बन्धमा गुनासो आएपछि एनसीईआरटीले यस्तो प्रतिक्रिया जाहेर गरेको हो।

## 11. Taiwan Earthquake

ताइवानमा आज शक्तिशाली भूकम्प जाँदा कम्तीमा सात जनाको मृत्यु भएको छ भने सात सयभन्दा बढी घाइते भएका छन् । ताइवानको पूर्वी तटीय क्षेत्रमा आज ७.४ रेक्टर स्केलको भूकम्प गएपछि यस क्षेत्रमा सुनामीको चेतावनी दिइएको छ । । ताइपेईको भूकम्प विज्ञान केन्द्रका निर्देशकका अनुसार भूकम्पको धक्का सम्पूर्ण ताइवान र अपतटीय टापुमा महसुस गरिएको र यो २५ वर्षयताकै शक्तिशाली हो। प्रारम्भिक रिपोर्टले जनाएअनुसार Hualien मा धेरै भवनहरू आंशिक रूपमा ध्वस्त भएका छन्। दर्जनौं व्यक्ति भवनहरूमा फसेका अधिकारीहरूले आशंका गरेका छन्। भूकम्पको कारण दक्षिणी जापानमा पनि सुनामीको चेतावनी दिएको थियो । फिलिपिन्सको भूकम्प मापन निकायले पनि सुनामीको चेतावनी जारी गरेको छ । यसैगरी चीनको दक्षिणपूर्वी फुजियान प्रान्तका केही भागमा भूकम्पको धक्का महसुस गरिएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

## 12. IPL Cricket

आईपीएल क्रिकेटमा आज दिल्ली क्यापिटल्सले कोलकाता नाइट राइडर्सको सामना गर्दैछ । विशाखापट्टनमको राजशेखर रेड्डी क्रिकेट स्टेडियममा खेल भारतीय समय अनुसार साँझ साढे सात बजे सुरु हुनेछ । गएराति बेंगलुरुको चिन्नास्वामी स्टेडियममा भएको खेलमा लखनउ सुपर जाइन्ट्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई २८ रनले पराजित गरेको थियो ।